परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

•वर्ष २ •अंक १३० •२०८० असोज २४ गते बुधबार • (11-October-2023) •पृष्ठ ४ •मुल्य रु ५।- www.talknepaltv.com



स्थानीय तहका कर्मचारीलाई सरकारले वार्तामा बोलायो

एमाले मधेश प्रदेश

## अधिवेशनको तयारी पूरा, २२ होटल बुक

■ टक नेपाल

जनकपुरधाम । आज (बुधबार) देखि धनुषाको जनकपुरधाममा हुने नेकपा एमालेको प्रथम मधेश प्रदेश अधिवेशनको तयारी पूरा भएको छ । प्रेस चौतारी धनुषाले मंगलबार जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा प्रदेश अध्यक्ष रामअवतार यादवले अधिवेशनको तयारी पूरा भएको जानकारी दिएका हुन् । जनकपुरधामको महेन्द्र नारायण निधि संस्कृति केन्द्रको भवनमा अधिवेशन उद्घाटनका लागि मञ्च र पण्डाल बनाइएको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीले अधिवेशन उद्घाटन गर्ने र नेताहरूले सम्बोधन गर्ने उनले बताए । ७ हजार नेता कार्यकर्ता अट्ने क्षमताको पण्डाल बनाइएको छ ।




-बाँकी पृष्ठ ३ मा

## मिर्चैयाबाट लखेटिए छापा मार्न आएका राजस्व अनुसन्धान कर्मचारी

■ टक नेपाल

जनकपुरधाम। सिरहाको मिर्चैयामा गोदाममा छापा मार्न गएका राजस्व अनुसन्धान कार्यालयका कर्मचारी लखेटिएका छन् । राजस्व अनुसन्धान कार्यालय इटहरीबाट खटिएको टोली मंगलबार छापा मार्न आएको बेला स्थानीय व्यवसायीले धपाएका छन् । अनाहकमा दुःख दिएको भन्दै कर्मचारीहरु माथि स्थानीय व्यवसायीले ढुंगामुढा प्रहार गरेका हुन्। राजस्व अनुसन्धान कार्यालय इटहरीका प्रमुख सुरेश आचार्यका अनुसार गत असोज ४ गते अनुसन्धान टोलीले मिर्चैया ५ संस्था चौकस्थित मुरारी साहको पसलबाट भ्याट बिलभन्दा बाहेकका सामानहरु फेला पारेको थियो । साधन अभावका कारण उक्त सामानहरु बरामद गरी लै जान नसकिएपछि आज लिनका लागि अनुसन्धान टोली मंगलबार मिर्चैया आएका थिए । सामान नियन्त्रणमा लिने क्रममा स्थानीय व्यापारीले अनुसन्धान टोली माथि हातपातको प्रयास गरेका थिए। आक्रोशित व्यापारीले ढुंगामुढा समेत प्रहार गरेपछि उनीहरु भाग्न थालेका थिए । केही समय पश्चात् प्रहरीले स्थिति नियन्त्रणमा लिएर प्रहरी सुरक्षा सहित अनुसन्धान टोलीलाई मिर्चैयाबाट पठाएको सिरहा प्रहरी प्रवक्ता डिएसपी रवीन्द्रराज पाण्डेले जानकारी दिए ।



## मधेशका डाक्टरलाई मधेशमै फर्काउनुपर्छ : मन्त्री सिंह

■ टक नेपाल

रौतहट । मधेशका स्वास्थ्य तथा जनसँख्या मन्त्री वीरेन्द्रप्रसाद सिँहले मधेशलाई स्वस्थ, शिक्षित र समृद्ध प्रदेश बनाउन सबै क्षेत्रका व्यक्तिमा सकारात्मक कार्य थालनी र कर्तव्यबोध आवश्यक रहेको बताएका छन् । जिल्ला स्वास्थ्य कार्यालय रौतहटद्वारा सोमबार आयोजित वार्षिक समीक्षा गोष्ठीमा मन्त्री सिँहले नकारात्मक भाव र एकअर्काको खुट्टा तान्ने प्रवृत्तिका कारण मधेश मानव विकास सूचकांकमा पछि परेको औंल्याए। उनले भने, "भाषणले समृद्ध मधेश बन्न सक्दैन । मधेश हाम्रो हो भन्ने भावना विकसित नहुँदासम्म मधेशको विकास सम्भव छैन ।" आफूले सानैदेखि नराम्रो गर्नेमा अरूले राम्रा काम गर्दा देखिनसह्ने बानीका कारण मधेश पिछडिएको भन्दै उनले स्वस्थ मधेश निर्माण गर्न स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीले आफ्नो दायित्व सम्झनुपर्ने उल्लेख गरे । मन्त्री सिँहले देशका तीन तहका सरकारबीच समन्वय नरहेको प्रष्टयाउँदै स्थानीय सरकारले प्रदेश सरकारलाई र प्रदेश सरकारले संघ सरकारलाई नटेर्ने दुर्भाग्यपूर्ण स्थिति रहेको दुखेको प्रकट गरे । उनले आआफ्ना कमजोरी हटाएर सहयोग र समन्वयबाटै काम गरेपछि प्रदेशको भलो हुने बताए। उनले भने, 'सुगम र अनुकूल वातावरण हुँदा पनि मधेश प्रदेश सबैभन्दा गरीब छ । जसले गर्दा हाम्रो कर्तव्यशैली माथि प्रश्नचिह्न खडा भएको छ । यस विषयमा गहन मनन जरूरी छ ।' उनले मधेस प्रदेशमा जन्मिएका र हुर्किएका दक्ष चिकित्सकहरू काठमाडौं, पोखरा, धरानजस्ता ठाउँमा राम्रो गरे पनि मधेशमा काम गर्न नआउने विषयबारे समीक्षा हुनुपर्ने बताए । उनले भने, 'मधेशमा जन्मिएका चिकित्सकलाई मधेश फर्काउने वातावरण बनाउनुपर्छ ।'











## ....सम्पादकीय

# भावपूर्ण श्रद्धासुमन

नेपालको तुलनामा इजराइल भन्ने देश त अस्तिभर्खर स्थापना भएको देश हो भन्दा पनि फरक पर्दैन । किन भने नेपालको तुलनामा धैरे कान्छो देश हो इजरायल । यो देशले छोटा समयमा राम्रो प्रगति गरेपछि नेपालीहरुका लागि पनि यो देश बैदेशिक रोजगारीका लागि मुख्य गन्तव्य मुलुक बनेको छ र त्यसैले त बर्षेनी हजारौं नेपालीहरु रोजगारीका लागि त्यहाँ जाने गर्दछन् । तर दुःखको कुरा मिठो सपना देखेर कमाउने उद्देश्यले गएका दश जना नेपालीहरु भने अब कहिल्यै घर फर्कन नपाउने भएका छन् । नेपालीहरुको दोष पनि केही थिएन । इजरायलमा कमाउन मात्र गएका हुन् । तर, कमाउन गएका नेपालीहरुले अनाहकमा ज्यान गुमाउन परेको छ । नेपालीहरुको हत्या गर्ने अतिवादी समूह यसै पनि नेपालका लागि पनि आतंकवादी समूह नै भयो । कमाउन गएका नेपालीहरुको बिदेशी भूमिमा रगत बग्दा सबै नेपालीहरुको मन यसै पनि रोएको छ । नेपालले हमासहरुसंग लड्न सक्ने कुरा पनि भएन । सरकारले मंगलवार शोक बिदाको घोषणा गरेको छ । वास्तवमा इजरायलमा भएको घटनाले नेपालीलाई पनि ठूलो पीडा दिएको छ। गल्ती इजरेलको होला या नहोला तर नेपालीहरुको कुनै दोष नै छैन। हमास भनिएकाहरुले पनि इजरायलसंग लड्नुपर्ने हो कमाउन गएका नेपालीहरुको हत्या गरेर उसले के पायो र ? घमासान लडाइ पनि भएको होइन । जे भएपनि त्यो आतंकवादी घटना नै हो । नेपालीहरुले ज्यान गुमाउन सबै नेपालीका लागि शोक र पीडाको विषय हो ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# 'महागफाडी'को उपाधिका लागि १८ जनाले प्रतिस्पर्धा गर्दै




**टक नेपाल**

काठमाडौं। टेलिभिजन रियालिटी शो 'महागफाडी'मा १८ जना प्रतिस्पर्धी छनोट भएका छन् । निर्देशक नरेशनाथ योगीका अनुसार फिजिकल अडिसनमार्फत प्रतिस्पर्धी छानिएका हुन् । छनोट भएकोमा शुभमसिंह भूमियार, अमरेन्द्र यादव, अनिल राई, दीपेश घिमिरे, हरि गजुरेल, हुकुमबाबु वली, कृष्ण भुर्तेल, पुजन नेपाल, रेशम सापकोटा, सञ्जीव भट्टराई, सरोज खतिवडा, शोभा लामिछाने, श्रीराम कँडेल, सन्तोष तिवारी, अर्जुन पोखरेल, डिल्लीराज अधिकारी, कर्मा लामा र निरोज त्वायाना छन् । यो टिभी शोबारे निर्देशक योगी भन्छन्, 'जो अहिलेसम्म सही प्लेटफर्म नपाएर चुपचाप बसेका छन् र जो बोलेर नै जीवनमा केही गर्छु भन्नेहरुका लागि महागफाडी उपयोगी र नवीन प्लेटफर्म सावित हुनेछ ।' ढाकाटोपी फिल्म्सको ब्यानरमा निर्माण भइरहेको शोमा विदेशस्थित नेपालीभाषी र नेपाली नागरिक सहभागी छन्। निर्माताका अनुसार सहभागीले सिजन अवधिभर ज्ञान, गफप्रतिको ध्यान र गफको विज्ञानका आधारमा आफूलाई 'महागफाडी'को रुपमा प्रस्तुत गर्नुपर्नेछ । १६ हप्तासम्म चल्ने कार्यक्रमको फिनाले अष्ट्रेलिया र वर्ल्ड टुरको सुरुवात क्यानडाबाट गरिने आयोजक संस्थाले जनाएको छ। दर्शकको भोटका आधारमा रियालिटी शोको विजेता छनोट गरिनेछ । कार्यक्रम प्रसारण हुने टेलिभिजन च्यानलबारे भने केही खुलाइएको छैन । शोको निर्णायकमा कमेडियन शैलेन्द सिंखडा, अभिनेत्री लुनिभा तुलाधर र अभिनेता बुद्धि तामाङ छन् । अभिनेता कामेश्वर चौरासियाले यो शो होस्ट गर्नेछन् । यही शोबाट लामो समयपछि कामेश्वर टेलिभिजनको पर्दामा देखिँदैछन् । विजेताले १५ लाख, उपविजेताले १० लाख, सेकेण्ड रनरअपले ५ लाखसहित पुरस्कार प्राप्त गर्नेछन् ।

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# संयुक्त राष्ट्रसंघका महासचिव गुटरेसको नेपाल भ्रमण स्थगित



**टक नेपाल**

काठमाडौं । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेसको नेपाल भ्रमण स्थगित भएको छ। इजरायलमा हमास विद्रोहीले आक्रमण गरेपछि इजरायल र प्यालेस्टाइनबीच सुरु भएको तनावका कारण गुटरेसको नेपाल भ्रमण स्थगित भएको परराष्ट्र मन्त्रालयकी सहसचिव एवं प्रवक्ता सेवा लम्सालले बताइन् । 'उहाँको छिट्टै भ्रमण हुनेछ । हाललाई स्थगित भएको छ' लम्सालले भनिन् । यसअघि संयुक्त राष्ट्रसंघका महासचिव गुटरेसको नेपाल भ्रमण यही असोज २६ गतेदेखि २९ गतेसम्म तय भएको थियो ।

# स्थानीय तहका कर्मचारीलाई सरकारले वार्तामा बोलायो




**टक नेपाल**

काठमाडौं । सरकारले स्थानीय तहका कर्मचारीलाई वार्ता आउन आह्वान गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक विज्ञप्ति जारी गरी आन्दोलनरत कर्मचारीका मागको छलफलबाटै सम्बोधन हुने भएकाले वार्तामा आउन आह्वान गरेको हो । कर्मचारी केन्द्रीय सङ्घर्ष समिति र स्थानीय तह कर्मचारी संयुक्त माग कार्यान्वयन परिचालन समितिले हरेक दिन काठमाडौँको माइतीघर मण्डलदेखि बानेश्वरसम्म प्रदर्शन गर्दै आएका छन्। यही असोज १५ देखि सडक आन्दोलन थालेका स्थानीय तहका कर्मचारीले १९ असोज देखि नियमित कामकाजसमेत ठप्प पारेका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अवसरका साथै चुनौतीसमेत देखा पर्ने समय छ। | तुला | दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ। |
| बृष | फाइदा मात्र हेर्दा आलोचित भइनेछ। | वृश्चिक | पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। |
| मिथुन | प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। | धनु | आफ्ना कमजोरी बाहिरिनाले समस्या पर्ला। |
| कर्कट | बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ। | मकर | परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ। |
| सिंह | सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले थप काम गर्न हौसला प्रदान गर्नेछ। | कुम्भ | समय लागे पनि काम बन्नेछ। |
| कन्या | धेरै लगानी गर्दा कममात्र फाइदा हुनेछ। | मीन | वादविवादमा अलमलिनुपर्दा काममा बाधा पुग्नेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# नेपालगञ्जमा कर्फ्यु र निषेधाज्ञा पूर्ण रुपमा हट्यो

■ टक नेपाल



काठमाडौं । नेपालगञ्जमा लगाइएको कर्फ्यु र निषेधाज्ञा पूर्ण रुपमा हटाइएको छ। जिल्ला प्रशासन कार्यालय बाँकेले विज्ञप्ति जारी गर्दै असोज १६ गते दिउँसो १ बजेदेखि लगाइएको कर्फ्यु र निषेधाज्ञा आजदेखि पूर्ण रुपमा हटाएको जानकारी दिएको हो। विज्ञप्तिमा भनिएको छ, ''जिल्लाको शान्ति सुरक्षाको अवस्था हाल सामान्य रहेको हुँदा मिति २०८०/६/२३ गते बिहान ४ बजेदेखि पूर्ण रुपमा कर्फ्यु र निषेधाज्ञा हटाइएको छ।' साथै कुनै अमुक व्यक्तिले गरेको क्रियाकलापलाई लिएर सम्पूर्ण समुदायलाई नै आक्षेप लगाउने, सर्वसाधारणलाई भड्काउने वा धार्मिक, सामाजिक सद्भावमा खलल पुऱ्याउने कुनै पनि काम नगर्न सबैमा प्रशासनले अपिल गरेको छ। सामाजिक सञ्जालमा लेखेको विषयलाई हिन्दु र मुस्लिम समुदायबीच तनाव बढ्ने संकेत देखिएपछि जिल्ला सुरक्षा समितिको बैठकले अनिश्चितकालीन कर्फ्यु जारी गरेको थियो। पछि कर्फ्यु खुकुलो पारिएको थियो।

# भूमि आयोगका ३ जना कर्मचारी प्रहरीको नियन्त्रणमा

■ टक नेपाल



काठमाडौं । राष्ट्रिय भूमि आयोगको ३ जना कर्मचारीलाई प्रहरीले झापाबाट नियन्त्रणमा लिएको छ । झापाको हल्दिबारीबाट करारमा कार्यरत ३ जनालाई सोधपुछका लागि नियन्त्रणमा लिइएको झापाका एसपी दुर्गाराज रेग्मीले बताए । पक्राउ पर्नेहरूमा जुम्लाको सिजा गाउँपालिका घर भएका २३ वर्षीय मोहन नेपाल, दोलखाका २२ वर्षीय विवेक पोखरेल र कैलालीको जानकी गाउँपालिका-८ घर भएका २३ वर्षीय कमल खनाल छन् । उनीहरू आयोगबाट हाल्दिबारी गाउँपालिकामा खटिएका हुन् । जग्गा वितरणको काम 'छिटो गराउँछौं' भनेर रकम लिएको सूचनाको आधारमा उनीहरूलाई सोधपुछका लागि नियन्त्रणमा लिइएको एसपी रेग्मीले जानकारी दिए । प्रहरीले त्यसबारे अनुसन्धान गरिरहेको छ । कर्मचारीहरुले हाल्दिबारी वडा नम्बर-१ का गणेशप्रसाद पौडेलको जग्गाको मोठ कायम गर्दा ३९ हजार ६ सयको बिल काटेर ८० हजार लिएको आरोप छ ।

# सांसद र सदन भारदारी सभाजस्तो.........................

जनप्रतिनिधि कानुन निर्माण बाहेकका कार्यमा संलग्न हुनुहुन्न भन्नेहरू अयोग्य र बेइमान भएको तर्क प्रस्तुत गर्दै उहाँले दलीय प्रणाली भएको मुलुकमा संसद्ले बजेट र नीति तथा कार्यक्रम बनाउँछ भने सरकारको कार्यान्वयन गर्ने जिम्मेवारी भएको स्पष्ट गर्नुभयो। अध्यक्ष साहले भन्नुभयो, "हामी नागरिक सर्वोच्चतालाई सम्मान गर्छौं, कुन कार्यक्रम कहाँ आवश्यक र प्रभावकारी छ भनेर हेर्ने काम सदन र सांसदकै हो, त्यो उनीहरूले नगरे कसले गर्छत।" जनताका प्रतिनिधिको सर्वोच्चता र निर्वाचित व्यक्तिको नेतृत्व कायम गर्दै कानुन निर्माणमा सांसदलाई पूर्णरूपमा स्वतन्त्रता प्रदान गर्नुपर्नेमा विधेयकका हरेक दफा र शब्दमा दलको ह्वीप लाग्ने प्रवृत्तिले गुणस्तरीय कानुन निर्माण हुन नसकेको उहाँले भनाइ प्रस्तुत गर्नुभयो । चुनावमा कुन उम्मेदवार निर्वाचित हुन्छ भनी पहिले नै आकलन गरिने विषयले जनसहभागिता र निर्वाचन प्रणालीको निष्पक्षतामाथि प्रश्न उठिरहेको बताउँदै अध्यक्ष साहले नेता विशेषको खल्तीबाट नाम राख्ने समानुपातिकले लोकतन्त्रकै खिल्ली उडाएको विचार प्रकट गर्नुभयो । विगतमा मदन भण्डारी र कृष्णप्रसाद भट्टराईबीचको उम्मेदवारीलाई स्वस्थ्य प्रतिस्पर्धा र असल लोकतान्त्रिक अभ्यासका रूपमा लिन सकिने उदाहरण प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "मिलेर लड्नुपर्छ, सबै नेता जित्नुपर्छ अनि लुट्नुपर्छ भन्ने सोच लोकतन्त्र हुनै सक्दैन ।" प्रतिनिधिसभाको गएको निर्वाचनमा ठूलो दलका उम्मेदवारलाई पराजित गरी आफू विजयी भएको घटनालाई अपवादका रूपमा लिएको बताउँदै उहाँले प्रणाली स्थापित नभएसम्म लोकतन्त्र सुदृढ हुन नसक्ने धारणा प्रस्तुत गर्नुभयो । पूर्वमन्त्री साह भन्नुहुन्छ, "प्रतिस्पर्धा, पारदर्शी, जवाफदेहिता र निष्पक्षता भएमा मात्र लोकतन्त्र हुन्छ, त्यो कुनै अहिले हामीले अभ्यास गरिरहेका छैनौं, भ्रष्टाचार बढेको छ, सुशासन कमजोर छ अनि कसरी लोकतन्त्र हुन्छ, यो केवल दलतन्त्रमात्र हो ।" निर्वाचन प्रणालीसँगै राज्य व्यवस्था, मूल नेतृत्व र संरचना नै ठीक नभएको बताउँदै उहाँले भन्नुभयो, "जबसम्म राज्यका सबै मेसिनरी ठीक हुन्न, तबसम्म राम्रो परिणाम दिन सकिन्न ।" अहिले दल र नेतामा मात्र सीमित यथास्थितिवादी शाससन व्यवस्था रहेको विचार प्रकट गर्दै अध्यक्ष साहले आफूहरूले जनताको नेतृत्वसहित अग्रगामी र रुपान्तरणकारी शासन व्यवस्था चाहेको भनाइ प्रस्तुत गर्नुभयो । मुलुकमा अहिले भइरहेको राज्य सञ्चालनको अभ्यास र ढाँचाप्रति जनताको आलोचना रहेको बताउँदै पूर्वमन्त्री साहले त्यसैको परिणाम युवा विद्यार्थीको विदेश पलायन भएको टिप्पणी गर्नुभयो । समाजमा रहेको आक्रोश बेलाबखत सदनमा पनि देखिने गरेको घटना सुनाउँदै पूर्वकानुनमन्त्री साहले त्यो मौलाउँदो दण्डहीनता र नेतृत्वप्रति कमजोर विश्वासको नतिजा भएको विचार प्रकट गर्नुभयो । हिजोको राज्यव्यवस्था दमनकारी रहेकामा अहिलेको समग्र चरित्र लुटकारी र भगौडा देखिएको आरोप लगाउँदै उहाँले नेपालमा अवसर लिने र सम्पत्ति कमाएर विदेशमा थुपार्ने प्रवृत्ति मौलाउँदो रहेको प्रतिक्रिया दिनुभयो। उहाँले भन्नुभयो, "जनतालाई निराश बनाएर देश कहिल्यै बन्दैन, नागरिकलाई उत्साहित तुल्याउनुपर्छ, बदमासीलाई दण्डित गर्नुपर्छ, अनि मात्र मुलुक बन्छ, विकास हुन्छ, समृद्धि ल्याउन सकिन्छ।"

# अधिवेशनको तयारी पूरा.......................................

अधिवेशनका लागि मधेश प्रदेशको आठवटै जिल्लाबाट खुल्ला तथा विभिन्न क्लस्टरबाट १ हजार २७ प्रतिनिधि छनोट गरिएको छ । उनका अनुसार व्यवस्थित रूपमा अधिवेशन सम्पन्न गर्नका लागि १०५ जना स्वयंसेवक परिचालन गरिने छ । प्रतिनिधि तथा नेताहरू बस्न २२ वटा होटल भाडामा लिइएको छ । अधिवेशनमा ४० लाख रुपैयाँ भन्दा बढी खर्च हुने एमालेको अनुमान छ, जसका लागि प्रतिनिधिहरूबाट दुई हजार रुपैयाँ रकम संकलन गरिने छ । यसै गरी प्रदेशसभा सदस्यहरुबाट १० हजार, पालिका प्रमुखबाट २५ हजार र पालिका उपप्रमुखहरुबाट १० हजार रुपैयाँका दरले आर्थिक सहयोग संकलन गरिएको प्रदेश अध्यक्ष यादवले बताए ।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्
सम्पर्क नम्बरहरु
९८०७८२१०१४, ९८६३२१०१४
९८०४८०४७००
टक नेपाल राष्ट्रिय दैनिक पत्रिका









# सर्लाहीमा जंगली हात्तीको आक्रमणबाट १४ वर्षीय बालकको मृत्यु

■ टक नेपाल



सर्लाही । जंगली हात्तीको आक्रमणबाट सर्लाहीको हरिपुरस्थित जंगलमा मंगलबार बिहान एक बालकको ज्यान गएको छ । अर्का एक जना भने घाइते भएका छन् । र ामेछाप जिल्ला लिखु तामाको शी गाउँपालिका-२ घर भइ हाल हरिवन नगरपालिका-७ ताइवान टोल बस्ने १४ वर्षीय शिवप्रसाद दाहालको जंगली हात्तीको आक्रमणबाट मृत्यु भएको हो । हरिवन नगरपालिका-१० बस्ने ५१ वर्षीय छविलाल काफ्लेसँगै दाहाल मंगलबार बिहान ८ बजे गाईवस्तुका लागि घाँस लिन हरिपुर नगर पालिका-१ स्थित जानकीनगर जंगलमा पसेका थिए । त्यहाँ उनीहरुको जंगली हात्तीसँग जम्काभेट भएको थियो । जंगलमै आमनेसामने भएका दाहाललाई हात्तीले लछारपछार पारेपछि उनको घटनास्थलमा नै ज्यान गएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। दाहालसँगै जंगल पुगेका काफ्ले भने सख्त घाइते भएका छन् । खुट्टामा चोट लागेका काफ्लेको हरिवनस्थित नमुना अस्पताल हरिवनमा उपचार भइरहेको छ ।

# सांसद र सदन भारदारी सभाजस्तो छ : अध्यक्ष साह

■ टक नेपाल

काठमाडौं । आम जनता पार्टीका अध्यक्ष प्रभु साह विदेश पलायनलाई सक्षम र महान् देख्ने तथा देशको सेवा गर्नेलाई अपमानित र कमजोर बुझ्ने प्रवृत्ति परिवर्तन गर्न आवश्यक देख्नुहुन्छ । सांसदसँग रासस संवादमार्फत उहाँले युवा र विद्यार्थीलाई विदेश पलायन होइन, डाँडाकाँडा, नदीको धाप र गाउँलाई सुन्दर सहर बनाउँदै समृद्ध राष्ट्र निर्माण अभियानमा जुटेर गौरव गर्न आह्वान गर्नुभयो । पूर्वमन्त्री साहले भन्नुभयो, "देश छाडेर भाग्ने महान् जस्तो, यहीँ बसेर धर्तीको सेवा गर्ने अपमानित र लाछीजस्तो देखियो, त्यसलाई बदल्न जरुरी छ । यो धर्तीमा बस्न पाएकामा गौरव गर्नुस् ।" जनतामा आशा र उत्साह जागृत गराएमा पहाड बनिरहेको नदी धापलाई सहरमा परिणत गरेको उदाहरण आफ्नो निर्वाचन क्षेत्र भएको दाबी गर्दै उहाँले भन्नुभयो, "विदेश भाग्ने तिमीहरू गल्ती गर्दैछौं, हामी मुलुकलाई सुन्दर बनाएर देखाउँछौं, कायर र कमजोर होइनौं, हामी महान् छौं ।" वाग्मती र बकैया नदीबाट प्रभावित रौतहटको धाप क्षेत्रबाट आफूले राजनीति सुरु गरेको समय कयौँले घर र खेती छाडेर सहर पसेको घटना स्मरण गराउँदै पूर्वसहरी विकासमन्त्री "नेपालमा अहिले भइरहेको अभ्यास संसदीय व्यवस्था नभई पार्टीका नेताको हालीमुहाली हो । सांसद र सदन भारदारी सभाजस्तो छ ।" तत्कालीन नेकपाको मधेस प्रदेश अध्यक्ष र नेकपा (एमाले) स्थायी समिति सदस्य भई काम गरेको अनुभव छ । सांसद साहले मुलुकमा राजनीतिक



साहले अहिले त्यो ठाउँ सुन्दर गाउँ र नमूनामा बस्तीमा परिणत भएको दाबी गर्नुभयो । जनतामा आशा र भरोसा दिँदै रौतहटको अभियान देशभर फैलाउन आवश्यक रहेको बताउँदै नेता साहले सही र गलत व्यवहार र तथ्यले परीक्षण गरी नेपाल बनाउने अभियानमा सरिक हुन युवापुस्तालाई सुझाव दिनुभयो । उहाँ भन्नुहुन्छ, सांसदको काम भनेको ताली बजाउने र एस वा नोमा सीमित रहेको बताउँदै अध्यक्ष साहले भन्नुभयो, "नेताहरूले शासन गरि हनुभएको छ, उहाँहरूको स्तरमा जे हुन्छ, सदनमा त्यसलाई ल्याएर औपचारिकता दिने र पारित गर्नेमात्र काम हुन्छ ।" नेता साहसँग मधेसी राष्ट्रिय मुक्ति मोर्चाको महासचिव, नेकपा (माओवादी)को केन्दीय सदस्य, परिवर्तनका लागि भएको आन्दोलनका क्रममा नौ वर्ष भूमिगत र एक वर्ष बेपत्ता जीवन बिताउनुभएका साहले कानुन, न्याय तथा संसदीय मामिला र सहरी विकास मन्त्रालयको नेतृत्वसमेत सम्हाल्नुभयो ।उहाँ विसं २०६२/६३ को जनआन्दोलनपछि लगातार संसद्मा प्रतिनिधित्व गर्दै आउनुभएको छ।

*बाँकी पृष्ठ ३ मा*

अमेरिकामा
बसोबास तथा रोजगारको
सुनौलो अवसर
EDV 2025
कान्तिपुर डिजिटल कलर ल्याब
& फोटो स्टुडियो
मेनरोड बर्दिवास-१, महोत्तरी
सम्पर्क नं.:- ०४४-५५०५९५/९८५४०२०५९५



For More Contacts,
Vianet Communication Limited
Bardibas Branch
+977 9801131433

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)




हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
–दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com